# खाद्य ब्यवस्था तथा व्यापार कम्पनी लि.

प्रादेशिक कार्यालयः भैरहवा, फोनः- ०७१-५२०११८

## धान कुटानी सम्बन्धी गोप्य शिलबन्दी, दरभाउपत्र आव्हानको सूचना

प्रकाशित मितिः- २०७७/९/१४

यस कार्यालयले खरिद गरेको र गर्दै जाने करिब २०००० क्वी सावा तथा गोरखनाथ मसिनो धान कुटानी गर्नु पर्ने भएकाले स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक फर्म, संस्था वा कम्पनीबाट तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही रितपुर्वक गोप्य शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

**तपशिल**

१. कम्पनीको प्रधान कार्यालय, खरिद विभाग र यस प्रादेशिक कार्यालय भैरहवाबाट फिर्ता नहुने गरि रु. १०००/- रकम दाखिला गरि दरभाउपत्र फारम र सो सम्बन्धी कागजात सेट खरिद गर्न सकिनेछ। धरौटी बापत रु १,५०,००० (अक्षरेपी एक लाख पचास हजार) नगद श्री नेपाल बैंक लि. शाखा कार्यालय भैरहवामा रहेको यस कार्यालयको खाता नं. ०११००१००४१८००२००००१ वा "क" वर्गको बैंक (बाणिज्य बैंक) बाट जारी भएको जमानत राख्नु पर्नेछ।

२. कम्पनीले कुटानी गर्ने धानको किसिम, कुटानी परिमाण, बुझाउनु पर्ने चामल तथा बोराको गुणस्तर चामल बुझाउनु पर्ने स्थान, धरौटी रकम, दरभाउपत्र फारम र सम्झौतामा तोकिए बमोजिम हुनेछ।

३. कम्पनीको आवश्यकता हेरि कुटानी गरिने धानको परिमाण थपघट हुन सक्नेछ। थपघट भएमा सोही अनुसार कुटानी गर्नु पर्नेछ।

४. धान कुटानी गरिसकेपछि तोकिएको परिमाण चामल कम्पनीले तोकेको गोदाममा बुझाउनु पर्नेछ।

५. दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धि जानकारीमा उल्लेख भएको व्यहोरा अध्ययन गरि कुटानी कार्यमा हुने खर्च र आफुलाई प्राप्त हुने उप-पदार्थको आम्दानी रकम हिसाव गरी कुटानी ज्याला तथा कम्पनीबाट बुझिलिएको धानको प्रतिलब्धी (रिकभरी) चामल कवोल गर्नुपर्नेछ। दरभाउपत्र कागजातमा उल्लेख भएको अधिकतम कुटानी ज्यालामा नबढ्ने गरी र न्युनतम प्रतिलब्धी प्रतिशतमा नघट्ने गरी चामल दिन कवुल गर्नु पर्नेछ।

६. यो सुचना प्रकाशित मितिले १५ दिन अर्थात मिति २०७७/९/२८ गतेसम्म दरभाउपत्र खरिद गरि दर भाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधीले रितपूर्वक सहि छाप तथा शिलवन्दी गरि १६ दिन अर्थात मिति २०७७/९/२९ गते दिउसो १२ वजेभित्र यस कार्यालयमा पेश गर्न सकिनेछ। समय नाघी आएको दरभाउपत्र स्वीकार गरिने छैन। पेश हुन आएका दरभाउपत्र सोही दिन अर्थात मिति २०७७/९/२९ गते दिउसो २.०० वजे यस कार्यालयमा खोलिने छ।

७. स्वीकृत दरभाउपत्रदाताले स्वीकृत भएको जानकारी पाएको ७ दिनभित्र नियमानुसार कार्य सम्पादन जमानत तथा आवश्यकता अनुसार थप कार्य सम्पादन (धितो) जमानत समेत पेश गरि सम्झौता गर्नु पर्ने छ। निर्धारित समयभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुनेछ।

८. दरभाउपत्रको मान्य हुने अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ४५ दिनको हुनेछ। दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनी तथा प्राथमिक खरिद समितिमा सुरक्षित र हनेछ। यस सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र कागजात र सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

९. साथै, यस कार्यालयको २०७७/०९/०६ गते प्रकाशित सूचना रद्ध गरिएको छ।

नि. प्रादेशिक प्रमुख